
# रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति - २०७९




रोशी गाउँपालिका

जिल्लाः काभ्रेपलाञ्चोक

बागमती प्रदेश

# विषय सूची


१.पृष्ठभूमि........................................................................................................१

२.अवस्था विश्लेषण...............................................................................................२

२.१. **SWOT** विश्लेषण.........................................................................................२

२.२. सरोकारवाला पहिचान....................................................................................७

२.३. लक्षितवर्ग पहिचान.........................................................................................८

३. दीर्घकालीन सोच (**Vision**).............................................................................८

४. ध्येय (**Mission**)................................................................................................८

५. लक्ष (**Goal**).....................................................................................................८

६. उदेश्य (**Objectives**)..........................................................................................९

७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (**GESI Policy**)...............................................९

८. लैससास रणनीति (**GESI Strategy**)............................................................११

८.१ मूलप्रवाहीकरण.............................................................................................११

८.२ समावेशीकरण...............................................................................................११

८.३ स्थानीयकरण.................................................................................................११

८.४ सशक्तीकरण..................................................................................................११

८.५ सचेतीकरण....................................................................................................१२

८.६ संस्थागत संरचनाः.........................................................................................१२

८.७ समन्वय.........................................................................................................१२

८.८ सहकार्य.........................................................................................................१२

८.९ सहजीकरण.....................................................................................................१३

८.१० सामाजिक सुरक्षा.........................................................................................१३

८.११ अनुगमन मूल्याङ्कन.......................................................................................१३

९. रणनीतिक क्रियाकलापहरु......................................................................................१३

१०. वित्त व्यवस्थापन..............................................................................................२४

११. कानूनी व्यवस्था..............................................................................................२४

१२. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व..................................................२५

१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था.................................................२५

१४. संभाव्य जोखिम र न्यूनीकरणका उपायहरु........................................................२५

१४.१ संभाव्य जोखिम...............................................................................................२५

१४.२ जोखीम न्यूनीकरणका उपायहरु.........................................................................२६

१५ निश्कर्ष..............................................................................................................२६

## १.पृष्ठभूमि

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ ।साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात गरिएको छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको; विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको छ। यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

विकास प्रक्रियामा मुख्यतया ३ वटा सामान्य तर जटील प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न ऐले म कहाँ छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष र अपेक्षित उपलव्धिको निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराउछ ।यसै सन्दर्भलाई आत्मसात गरी यो रोशी गाउँपालिका अन्तरगत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यो **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति"** तयार गरिएकोछ ।

## २.अवस्था विश्लेषण

काभ्रेपलाञ्चोक जिल्लाका १३ वटा स्थानीय तह मध्ये रोशी गाउँपालिका एउटा हो । काभ्रेपलाञ्चोक जिल्लाका साविक १० वटा गाविसहरु खहरेपाँगु, शिखरआम्बोटे, महादेवटार, सिसाखानी, सिपालीचिलाउने, कटुन्जेबेशी, खार्पाचोक, मंगलटार, वाल्टिङ र भीमखोरी सम्मिलन भै बनेको यस रोशी गाउँपालिका पहाडी भौगालिक विविधता भएको गाउँपालिका हो । यो गाउँपालिकाको पुर्वमा सुनकोशी गाउँपालिका सिन्धुली, पश्चिममा नमोबुदेद नगरपालिका उत्तरमा तेमाल गाउँपालिका र दक्षिणमा महाभारत र बेथानचोक गाउँपालिका संग जोडिएको छ । १७६ वर्ग कि.मि. क्षेत्रफल भएको यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार ६०३९ घरधुरीको बसोबास रहेको छ । यस गाउँपालिकाको जनसंख्या महिला- १२०९३ र पुरुष- ११४५८ गरी जम्मा २३५५१ रहेको छ ।यो गाउँपालिकामा जातिगत आधारमा हेर्दा तामाङ जाती प्रमुख रुपमा आउछ भने त्यसपछी ब्राम्हण, क्षेत्री, मगर, ठकुरी, दलित, नेवार लगायत जातजातीहरु पर्दछन । पेशागत आधारमा कृषि र पशुपालन प्रमुख पेशा रहेका छन । त्यसैले हरेक क्षेत्रवाट हेर्दा लक्षित वर्गकै वाहुल्यता रहेको हुनाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणको उपयुक्त नमुना वनाउन सकिने यो गाउँपालिकाको लैससास रणनीति तयार गर्दा पहिलो चरणमा वर्तमान अवस्था विश्लेषण गरिएकोछ । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्रहरु (SWOT,सरोकारवाला र लक्षितवर्ग) निर्धारण गरिएकोछ । जसको विवरण निम्नानुसा प्रस्तुत गरिएकोछ ।

## २.१. SWOT विश्लेषण

यो रोशी गाउँपालिकाको लैससासको दृष्टिकोणवाट बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौति (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीतिकानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशिता, मानव संसाधन तथा क्षमता विकासमा समावेशिता, सेवा प्रवाहमा समावेशिता र सुशासन तथा उत्तरदायित्वमा समावेशितामा आधारीत रहेर विश्लेषण गरिएकोछ ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

## क. बलियो पक्ष (Strength)

१. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु समावेश भएको ।
२. योजना, महिला बालबालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको
३. कानूनमा महिला किशोरी बालिका लगायत लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधानहरु रहेको ।
४. आवधिक योजना तयार भएको ।
५. दीगो विकास लक्षका सम्वनधमा गाउँपालिकामा छलफल भइ जानकारी भएको ।
६. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको ।
७. उपभोक्ता समितिहरुमा महिला तथा लक्षित वर्गको सहभागिता अनिवार्य गरेको ।
८. नीति कानून कार्यविधि निर्माण गर्न सक्षम जनशक्ति उपलव्ध भएको ।
९. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको
१०. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता समानुपाति समावेशिताका आधारमा भएको ।
११. कार्यरत कर्मचारीहरुमा महिला कर्मचारीको संख्या उल्लेख्य रहेको ।
१२. महिला तथा लक्षित वर्गका लागि जीविकोपार्जन सशक्तीकरण, आवाज सशक्तीकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।
१३. महिला तथा बालबालिका शाखा स्थापना र संचालन भएको
१४. बेरोजगार तथा गरिबहरुको खण्डीकृत डाटा अद्यावधिक भएको
१५. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको
१६. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको
१७. लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकासको श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरी कार्यान्वयन गरेको ।
१८. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।
१९. लक्षित वर्गको सरकारी जागिर प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पूर्व तयारी कक्षा संचालन गरी लक्षित वर्ग रोजगारी कार्यक्रममा प्रत्यक्ष रुपमा सहयोग पुर्याएको ।
२०. महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा आदि )
२१. विपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति कार्यनीति आदि निर्माण गर्दा लक्षित बर्ग समुदायसंग परामर्श गर्ने गरेको ।
२२. विद्यालय भर्नाका लागि उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएका ।
२३. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको ।
२४. स्थानीयतह गठन भए पश्चातका निर्माण भएका भौतिक पूर्वाधारका सवै डिजाइनहरुमा लैससास मैत्री प्रावधानहरु समेट्ने गरिएको ।

२५. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड  वितरण गरेको
२६. प्रजनन स्वास्थ्य एड्स क्यान्सर  र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको
२७. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पीडितहरुले न्यायिक समिति  तथा मेलमिलाप केन्द्र मार्फत सर्वसुलभ ढंगले न्याय पाएको ।
२८. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा  गाउँपालिकाले सहकार्य समन्वय  गरेको
२९. नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, सामाजिक परीक्षण,सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिक गरेको ।
३०. सार्वजनिक लेखापरीक्षण, सामाजिक परीक्षण तथा सार्वजानिक सुनुवाईमा लक्षित  समूहलाई प्रश्न राख्न दिने र छलफल गर्ने गरेको ।
३१. प्राविधिक जनशक्ति उत्पादन गर्ने नीति लिएको
३२. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण भइ लागु भएको ।
३३. संघ तथा प्रदेश सरकारको नीति कानून तथा कार्यक्रममा समन्वय र सहकार्य हुने गरेको ।
३४. बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नियमित रुपमा सार्वजानिक गरेको
३५. लैससासका क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाल निकायहरु बीच सञ्जाल निर्माण भइ कार्यगत एकता हुने गरेको ।

## ख. कमजोर पक्ष

१. कानून मस्यौदा गर्दा र पास गर्दा लैससास दृष्टिले विश्लेषण नगरिएको ।
२. गाउँपालिकाले निर्माण गरेका कानूनमा लैससास सम्वनधी सबै प्रावधानहरु समेट्न नसकिएको ।
३. कानूनले सुनिश्चित गरे भन्दा बाहेक महिला जनप्रतिनिधि नभएको ।
४. महिला पुरुष समान कामको लागि असमान ज्याला रोक्ने प्रावधानहरु नभएको ।
५. समान कामको असमान ज्याला अन्त्य गर्न प्रष्ट नीति कानून कार्यविधिहरु तय नभएको ।
६. आप्रवासी तथा रैथाने कामदार विच हुने ज्याला विभेद रोक्ने प्रावधानहरु नभएको ।
७. लक्षित वर्गको विकासको लागि निश्चित प्रतिशत वजेट विनियोजन नगरिएको ।
८. महिलाका आवश्यक्तालाइ ब्यवहारिक र रणनीतिक गरी विभाजन हुने नगरेको र सो अनुसारको नीति निर्माण भइ योजना तर्जुमा हुन नसकेको ।
९. GESI Audit नभएको र सोको लागि वजेट विनियोजन पनि नभएको
१०. दीगो विकास लक्ष सहित अन्य अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता अभिसन्धि वारेमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण नभएको ।
११. महिला लागयत अन्य लक्षित वर्गहरुको छुट्टै खण्डीकृत डाटा (बस्तुगत विवरण)  नभएको ।

१२. लक्षित समुदायको भाषा संरक्षणर र लैङ्गिक संवेदनशील विषयवस्तु सुन्ने र बुझ्ने विषयमा कुनै व्यवस्था नभएको ।
१३. लैङ्गिक उत्तरदायी तथा समाजिक समावेशी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थान नभएको ।
१४. लैससास कार्यान्वयन समिति गठन नभएको साथै यो समितिको गठन प्रक्रियाका वारेमा जानकारी नभएको
१५. कर्मचारी तथा पदाधिकारीहरुलाई लैङ्गिक हिंसा निवारण सम्वन्धी तालिम तथा अभिमुखीकरण नभएको ।
१६. लैङ्गिक हिंसा निवारण कोष स्थापना नभएको ।
१७. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको ।
१८. लैङ्गिक विकास हेर्ने छुट्टै इकाइको व्यवस्था नभएको
१९. लैङ्गिक हिंसा मुक्त स्थानीयतह घोषणा हुन नसकेको ।
२०. गर्भवती महिलालाई जोखिम तथा खतरायुक्त काममा नलगाउने नीति तयार नभएको ।
२१. भौतिक पूर्वाधारका ड्रइङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार सबै संरचनाहरु निर्माण नभएको।
२२. यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको
२३. गाउँपालिका लगायत सार्वजानिक कार्यालयहरुमा स्तनपान कक्षहरु व्यवस्था नभएको ।
२४. महिला तथा लक्षितको स्वास्थ्य वीमा सम्वन्धी अभिमुखीकरण तथा कार्यक्रम सवै वार्डमा नभएको ।
२५. निराक्षर महिलाहरुको लागि शिक्षा सम्वन्धी पर्याप्त कार्यक्रम नभएको ।
२६. स्वरोजगार तथा वैदेशिक रोजगारमा जान चाहाने महिला तथा लक्षित वर्गका युवाहरुको क्षमता विकासको लागि कुनै कार्यक्रमहरु संचालन नभएको ।
२७. बेइजिङ्ग घोषणा पत्रले समेटाका १२ सरोकारका विषयमा पदाधिकारी तथा कर्मचारीहरुलाइ अभिमुखीकरण नगरेको ।
२८. महिला विरुद्द हुने सबै किसिमका हिंसा निवारण गर्ने कार्यक्रम,संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० का सम्बन्धमा स्थानीयकरणको कार्ययोजनका लागि नीति तय नभएको र बजेट विनियोजन नगरेको ।
२९. अन्तराष्ट्रिय कानून कार्यविधि तथा सन्धिका विषयमा पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमुखीकरण नभएको ।
३०. निराक्षर महिलाहरुको लागि साक्षरता सम्बन्धी विषेश कार्यक्रम गर्ने नीति नरहेको ।
३१. योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको
३२. आफ्नो वेभसाइड तथा सामाजिक संजाल भएपनि त्यसमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको ।

## ग. अवसर

१. रोशी गाउँपालिकाको जातीयताका आधारमा सवैभन्दा वढी जनसंख्यानै तामाङको र अरु आदिवासी जातीको रहेको र परिभाषागत हिसावले माथि उल्लेख गरिएका लक्षित वर्गहरुकै उपस्थिति सघन रहेको हुनाले लक्षित विकास कार्यक्रम गर्न सहज हुने ।

२. राष्ट्रिय गौरवको आयोजना  काम गर्ने प्रसस्त अवसर भएको ।

३. लैससास सम्वन्धी क्षमता विकास र सचेतनाका काम गर्ने गैससहरु कार्यरत हुनु

४. आवश्यक पर्ने कानून नीति नियम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा उपलव्ध हुनु ।

५. संघीय राजधानी काठमाडौ ३/४ घण्टामा सार्वजानिक यातायातवाट  पुगिने हुनाले लक्षित वर्गलाई कृषि तथा औधोगिक उत्पादनमा लागउन सकिने र सो बाट उत्पादित बस्तुको वजारको समस्या नहुने ।

६. पर्यटकीय स्थल यो गाउँपालिकामा रहेकाले पर्यटन प्रवर्धन गरी आम्दानी गर्न सकिने र उक्त आम्दानीलाइ लक्षित वर्गको विकासमा लगाउन सकिने ।

७. जनप्रतिनिधि तथा कर्मचारीहरुमा युवाहरुको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई गाउँपालिकाको सर्वाङ्गीण हितमा प्रयोग गर्न सकिने

८. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु भएकोले आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्ने/सहजता हुने ।

९. गाउँपालिकाको आन्तरिक आम्दानी सन्तोषजनक (करिव ६ करोड) हुनु यस रकमबाट लक्षित वर्गको सर्वोपरी हितका कार्यक्रम गर्न सकिने ।

## घ. चुनौतिहरु

१. छुवाछूत,लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटीलता ।

२. शिक्षा स्वास्थ्य क्षेत्रमा पछाडी परेको वर्ग क्षेत्र समुदायको सर्वाङ्गीण विकासमा पर्याप्त बजेट विनियोजन गर्न नसक्नु ।

३। विशेष गरी महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिक को कामको मूल्याङ्कन नहुनु ।

४। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन नियम कानून कार्यविधि कार्यान्वनमा जटिलता आउनु ।

५. कानून कार्यान्वयन तथा योजना कार्यान्वयनमा उत्कृट हुने शाखा तथा कर्मचारीलाई पुरस्कृत गर्ने परिपाटी नहुनु ।

६. संचारमाद्यम तथा सामाजिक संजालको दुरुपयोग र बाल बालिकाको उमेरमा नै व्यापक प्रयोगले बालप्रेम विवाह तथा परिपक्व उमेरमा पुग्दा  सम्वन्ध विच्छेद हुने जस्ता संभावना वढ्दै जानु ।

७. कृषि पेशा प्रति युवा लाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न नसक्नु ।

८. कृषकहरुले सम्मानित भएको अनुभूति गर्न नसक्नु, कृषि उपजको उत्पादन भण्डारण तथा विक्रि वितरणका लागि उपयुक्त व्यवस्थापन नहुनु ।

९. सामाजिक सञ्जाल मार्फत  हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन नहुनु ।

१०. दुर्व्यसनीमा युवाहरुको संलग्नता भए पनि एकीन तथ्याङ्कको अभावमा न्यूनीकरणका लागि आवश्यक पहल नहुनु ।

११. लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु आफ्नो पहिचान दिन नचाहने हुँदा उनीहरुको तथ्याङ्क संकलन गर्न र सर्वोतम हितका कार्यक्रम तय गर्न नसक्नु ।

## २.२. सरोकारवाला पहिचान

रोशी गाउँपालिका  भित्र लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने ।दोश्रो माद्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछ ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| महिला तथा बालबालिका शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश सुशासन केन्द्र |
| स्वास्थ्य शाखा | उद्योगहरु | भूमी व्यवस्था आयोग |
| प्रशासन शाखा | वालक्लवहरु | संघीय मन्त्रालयहरु |
| वडा कार्यालयहरु | आमा  समूहहरु | महिला आयोग |
| नगर कार्यपालिका | उद्योग वाणिज्य संघ | दलित आयोग |
| नगर  सभा | विद्यालयहरु | मुस्लीम आयोग |
| न्यायिक समिति | गैह्रसरकारी संस्थाहरु | राष्ट्रिय योजना आयोग |
| विषयगत समितिहरु सवै | राजनैतिक दलहरु | मानव अधिकार आयोग |
| युवा खेलकुद साखा | गैह्रसरकारी संस्था | अन्तराष्ट्रिय दातृ निकायहरु |
| | | राष्ट्रिय स्तरका संचार माद्यमहरु |

## २.३. लक्षितवर्ग पहिचान

रोशी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

१. महिला / एकल महिला
२. बालबालिका
३. जेष्ठनगारिक
४. दलित (दमाइ कामी सार्की )
५. आदिवासी जनजाती (तामाङ वाहुल्यता)
६. मजदुर
७. अपाङ्गता भएका व्यक्ति
८. द्वन्द्वपीडित
९. विपन्न वर्ग
१०. सुकुम्वासी
११. लैङ्गिक तथा यौनिक अल्पसंख्यक

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट रोशी गाउँपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन । वलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौति संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । यो गाउँपालिकामा सघन रुपमा बसोबास रहेका दलित, आदिवासी जनजाती (तामाङ बाहुल्यता) मुख्य लक्षित वर्गमा पर्दछन । यो गाउँपालिकाका सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३. दीर्घकालीन सोच (Vision)

"नीति र ब्यवहार दुबैमा समावेशीकरण, समानताको लागि रोशीको सपना बन्ने छ उदाहरण "

## ४. ध्येय (Mission)

लक्षित समुदाय र महिलाको स्रोतसाधनामा पहुँच वृद्दि गरी प्राप्त उपयुक्त अवसर र उपलब्धिका आधारमा विभेदको अन्त्य गर्ने ।

## ५. लक्ष (Goal)

स्रोतको न्यायोचित वितरण तथा समतामुलक विकासको माद्यमवाट वहीस्करणमा परेको वर्गलाई विकासको मूलप्रवाहमा ल्याउने।

## ६. उदेश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप रोशी गाउँपालिकाले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो तसर्थ यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छनः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण  मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।
२. श्रोत साधनमा लक्षित वर्गको पहुँच  अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।
४. नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।
५. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तीकरण गर्ने ।
६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर  वनाउने।
७. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।
८. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

१. माथि उल्लेखित उदेश्यहरु परिपूर्तिको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।
२. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पूर्वाधार, कृषि, वन तथा भूमिसुधार,गरीबी निवारण, स्थानीय विकास तथा शान्ति एवम सुशासन संग सम्बन्धित सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने

३. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

४. महिला तथा बालबालिका संग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।

५. गाउँपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित,लोपउन्मूख सीमान्तकृत आदीवासी जनजाति सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

६. लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।

७. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना तथा कार्यविवरण तयार गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

८. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका क्रियाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई वढावा दिने ।

९. लक्षित वर्ग पहिचान हुने गरी खण्डीकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

१०. बालबालिका तथा अपाङ्गता एवम ज्येष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

११. मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

१२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।

१३. सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक क्रियाकलापमा समावेश गरी छलफल गर्ने ।

१४. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससंग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लगि तपशीलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः

### ८.१ मूल प्रवाहीकरण

क. महिला, गरीब र बहिस्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरी विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक मूलप्रबाहीकरण गर्ने ।साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८.२ समावेशीकरण

क. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनीतिक क्षेत्रसंग सम्बन्धित सवै क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८.३ स्थानीयकरण

क. अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने ।

### ८.४ सशक्तीकरण

क. लैङ्गिकतामा आधारीत श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितीकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै क्रियाकलापहरुमा प्रतिस्पर्धिको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितीकरणमा परेका वर्गको आर्थिक सशक्तीकरण गर्ने ।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा बञ्चितीकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८.५ सचेतीकरण

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शन का प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरी कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याउने ।

ख. समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक क्रियाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

## ८.६ संस्थागत संरचनाः

संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै स्थानीय तहले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितीकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७ समन्वय

क. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि गाउँपालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैंक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) बीच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने।

### ८.९ सहजीकरण

क. वहीस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा  वस्ती तथा समुदाय स्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

### ८.१० सामाजिक सुरक्षा

क. नागरिक जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई राज्यले आफ्नो प्रतिनिधि सरकार मार्फत संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य,  शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख. सामजिक सुरक्षा अन्तरगत अल्प संख्यक, सीमान्तकृत, लोपउन्मुख जातजातिहरु,  दलित, मुस्लिम लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जन मा सहयोग गर्दै लैजाने ।

### ८.११ अनुगमन मूल्याङ्कन

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

## ९. रणनीतिक क्रियाकलापहरु

| क्र सं | उदेश्य | नीति | रणनीति | रणनीतिक क्रियाकलाप | मापनका सूचकहरु | पुस्ट्याईका आधारहरु |
| --- | --- | --- | --- | --- | --- | --- |
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पूर्वाधार, कृषि वन तथा भूमिसुधार, गरीबी निवारण, स्थानीय विकास तथा शान्ति एवम सुशासन संग सम्बन्धित सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १. लैससास मैत्री योजना तर्जुमा का लागि निश्चित प्रतिशत पूजिगत बजेट विनियोजन गर्ने ।<br>२. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>३. लैङ्गिक उत्तरदायी बजेट तर्जूमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाइ व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने ।<br>४. नियमिति लैससास परीक्षण गरी त्यसका आधारमा कमी कमजोरी सुधार्दै लैजाने । | १. वार्षिक वजेटमा कम्ती मा १५ % पूजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br>२. लैङ्गिक उत्तरदायी बजेट हेर्ने सूचना प्रणालीको विकास भएको हुनेछ ।<br>३. वार्षिक रुपमा लैससास परीक्षण भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>३. कार्यपालिकाका वैठकका निर्णयहरु<br>४. सभाका बैठकका निर्णयहरु<br>५. लैससास परीक्षण प्रतिवेदन |
| २ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग | १. लक्षित वर्गको छुट्टाछुट्टै प्रोपाइल तयार गर्ने ।<br>२. कानूनमा महिला तथा लक्षित समूदायको लागि | १. लक्षित वर्गको वस्तुगत विवरण तयार भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वितरणलाई संस्थागत गर्ने । | परीक्षण गरी त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | सम्बन्धित सबै क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङ्कन गर्दै लैजाने । | उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्ष लाई सुसूचित गर्ने ।<br>३. लक्षितवर्ग लाई कानून ले दिएका अधिकारहरुको वारेमा अभिमुखीकरण गर्ने ।<br>४. संघ संस्थामा प्रतिनिधित्व, शाखा प्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई प्राथमिकतामा राख्ने<br>५. नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्गको निश्चित प्रतिशत सहभागिता सुनिश्चित गर्ने<br>६. महिला तथा लक्षित वर्गको व्यवहारिक र रणनीतिक | २. कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरुलाई अभिमुखीकरण भएको हुनेछ ।<br>३. लक्षितवर्गका लागि जीविकोपार्जन सशक्तीकरणका लागि निर्दिष्टबजेट विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ<br>५. लक्षित वर्गको व्यवहारिक र रणनीतिक आवश्यकता पुरा गर्ने कार्यक्रम संचालन भएको हुनेछ | २. कानून कार्यविधि वारेमा अभिमुखी करण कार्यक्रमको उपस्थिति ।<br>३. उपभोक्ता समिति गठन र परिचालन कार्यविधि<br>४. कार्यपालिका तथा सभाका निर्णय हरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आवश्यकत पुरागर्ने कार्यक्रम बनाउने | | |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १.दीगो विकास लक्ष स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास र परिचालन गर्ने<br>२.बेइजिङ सम्मेलनले गरेका १२ प्रतिवद्धता, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ तथा संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयन गर्ने<br>३.उल्लेखित सन्धी संझौता अभिसन्धी स्थानीयकरण गरी वार्षिक कार्यक्रममा समावेश | १. दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धि सम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२. अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भइ वार्षिक कार्यक्रममा | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | र कार्यान्वनयका लागि आवश्यक कानून कार्यविधि वनाउने । | समावेश भएको हुनेछ । | |
| ४ | नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने । | पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधि महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति जेष्ठनागरिक, दलित, लोपउन्मूख सीमान्तकृत आदिवासी जनजाति सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | संघीय र प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचना हरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिका ले निर्माण गर्ने हरेक ऐन कानून कार्य विधि हरुमा निर्माण हुने संस्थागत संरचना हरुमा लैङ्गिक समानता तथा समाजिकसमावेशीकरणका दृष्टिकोणले बञ्चिति करणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | १.कानून कार्यविधिहरु निर्माण गर्दा लैससास मैत्री भए नभएको विश्लेषण गर्ने ।<br>२.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु वीच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>३.विगतमा बनेका कानून कार्यविधि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने<br>४.कानून कार्यविधिमा तथा विकास प्रक्रियामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरु लाई समावेश गर्ने । | १. कानूनले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन<br>२. नयाँ वन्ने कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण तथा वनिसकेका कानूनमा आवश्यक संसोधन भएको हुनेछ<br>३. महिला पुरुष सगै रैथाने र आप्रवासी कामदार हरु वीच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४. कानून कार्यविधि तथा विकास क्रियाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ५.सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानापातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | समावेश भएका हुनेछन । | |
| ५ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशितालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तीकरण गर्ने | १. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।<br>२. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता | क.महिला, गरीब र बहिष्करणमा परेका समुदाय ले भोगेका समस्या र सवाल हरूको पहिचान तथा लेखा जोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन | १. संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिला लाई प्राथमिकता दिने ।<br>२. लक्षित वर्गको लागि महिला जनजाति तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३. महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४. कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार , जातीय भेदभाव तथा महिला हिंसाका | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४. यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ । | १. कार्यपालिकाका निर्णय पुस्तिका<br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठक को निर्णय प्रतिलिपि<br>३. महिला पुरुष सम विकास कार्यनीति<br>४. महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५. ब्रुसर रेडियो टीभी कार्यक्रमका अडियो भिडियो सामग्रीहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विकासका क्रियाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई वढावा दिने ।<br>३. लक्षित वर्ग पहिचान हुने गरी खण्डीकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।<br>ख.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने । | नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने<br>५. आदिवासी जनजाति दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्तिकरणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने<br>६. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>७. लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>८. उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्प संख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | ५. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ<br>६. लैससास सम्बन्धी सचेतना मुलक व्रुसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने। | १. मानव संसाधन विकास शाखा मार्फत महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारे मा कर्मचारी हरु लाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्म निर्भर वनाउने | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने<br>३. पालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैङ्गिक समानता सामाजिक समावेशी करण विषयलाई अकाट्य सवाल को रुपमा राख्ने नीति वनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखाको क्षमता विकास गर्ने ।<br>५. लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने ।<br>६. कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ<br>४. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>४. प्रत्यक्ष अवलोकन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | अनौपचारिक मूल्य मान्यता कुसंस्कारविरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक क्रियाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक क्रियाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | १. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशिलता राख्ने साथै कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिलाहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>७. सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | १. सामाजिक कुरीति हरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | १. वार्षिक बजेट तथा नीति कार्यक्रम<br>२. श्रव्य दृष्य सामाग्री हरु<br>३. सामाजिक संजाल मा गरिएका पोष्टहरु<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख<br>५. प्रत्यक्ष अवलोकन (सेवा केन्द्र ) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १. आफ्नै घरवाट निराक्षर महिलाहरुलाई साक्षार वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने<br>४. स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सूचना संकलन गरी आवश्यक तालिम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने | १. संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन<br>२. यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालिम संचालन भएको हुनेछ । | १. वार्षिक प्रगति प्रतिवेदन<br>२. तालिम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिका निर्णयहरु<br>४. सभाका निर्णयहरु<br>५. अनुमगन मूल्याङ्कन फारम हरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ५. आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने<br>६. अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहितको ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने<br>७. जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने<br>८. हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम समाजिक परीक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने<br>९. हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | |

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनीतिक क्रियाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको कार्य गर्ने नत्र नगर्ने  हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । लैससास मुलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरी योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरी नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरी महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि यो रोशी गाउँपालिकाको कार्यपालिका बैठकले अनुमोदन गर्नु पर्दछ  । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि यो गाउँपालिकाले ६ महिना भित्रमा तर्जुमा गरी कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ ।तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन ।

## १२. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी यो रोशी गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परीक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको) भने सवै शाखा तथा वडा कार्यालयहरुले सवै क्रियाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका क्रियाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम यो गाउँपालिकाका उपाध्यक्षको हुनेछ भने आवश्यक्ता अनुसार विषय विज्ञहरु राखेर अल्पकालीन समिति निर्माण गरी रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ ।यो गाउँपालिकामा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ । रणनीतिक क्रियाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरी वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरी पेश गर्ने व्यवस्था मिलाइनेछ ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. रोशी गाउँपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत विश्लेषण गरेर प्राप्त उपलव्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गर्ने ।

ग. यो गाउँपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने ।जसले रणनीतिमा उल्लेख गरिएका क्रियाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकीन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका क्रियाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

## १४. संभाव्य जोखिम र न्यूनीकरणका उपायहरु

### १४.१ संभाव्य जोखिम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था रहन्छ।

क. पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सीमितता हुनसक्छ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु बीच लैससास रणनीति कार्यान्वयन अन्यौल, विविधता तथा दोहोरोपना हुनसक्छ ।

## १४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

ख. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।

ग. स्थानीय तहका हरेक वैठकमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने ।

घ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने ।

## १५ निश्कर्ष

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धि संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ ।यो गाउँपालिकामा वनेका नीति नियम कार्यविधिहरु अध्ययन गर्दा नीतिहरु वन्ने तर पूर्ण रुपमा कार्यान्वयन नहुने देखिएको छ त्यसैले वार्षिक रुपमा वनेका नीति नियम कार्यविधिहरु के कति कार्यान्वयन भए वा बाँकी छन भन्ने कुरा पहिचान गर्ने गरी अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक क्रियाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजान पर्दछ । यसरी निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्षमा पुग्न सकिन्छ ।रोशी गाउँपालिकामा पदाधिकारी तथा कर्मचारीहरुमा लक्षित वर्गसंगै युवाहरुको व्यापक सहभागिता रहेको हुनाले कार्यान्वनय गर्न सहज देखिन्छ ।